आज मिति २०८१।०४।४ गते शुक्रबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को पहिलो बैठक तपशिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुञ्जराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री मोहन कुमार राई - सूचना अधिकारी - ९८५२८४४०७३

CamScanner

प्रस्तावहरुः-

१. नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को -IEE) गर्ने सम्बन्धमा ।

२. आ.व. ०८०/८१ मा कृषि तर्फको स्यालो ट्युबवेल तथा मोटर जंडान ठेक्का सम्बन्धमा।

३. आ.व. ०८०/८१ मा बर्खेडाँडा, सामीचौक, मकामडाँडा हुँदै कुसुम चौरी सडक स्तरोन्नति ठेक्का सम्बन्धमा ।

४. स्यालो ट्युवेल संचालन गर्न आवश्यक मोटर खरिद तथा जडान सम्बन्धमा ।

५. आधारभुत नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि संशोधन सम्बन्धमा

**निर्णयहरु:**

१) यस नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुबाट चालु आर्थिक वर्ष २०८१।०८२ मा नदीजन्य पदार्थ ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण IEE) गर्नुपर्ने भएकोले नगरपालिकाको नेतृत्वमा सम्बन्धित वडाका जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि,टोल विकास संस्था, सामुदायीक वन, सब-डिभिजन वन कार्यालयका प्रतिनिधि,सुरक्षा निकायका प्रतिनिधि र स्थानीय उपभोक्ता समेतको उपस्थितिमा स्थलगत अनुगमन गर्ने र उपयुक्त तथा सम्भाव्य स्थानहरुमा मात्र नदीजन्य पदार्थ उत्खनन गर्ने गरी तपसिलमा उल्लेखित सम्भावित खोलाहरुमा -IEE) गर्ने प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल:-

| सि.न. | नदीनाला तथा खोलाको नाम | वडा नं | नदीजन्य पदार्थ | कैफियत |
|---|---|---|---|---|
| १. | छाँगे खोला | १ | ढुंगा | |
| २. | चप्लेटी/माडीवास खोला | १र२ | ढुंगा/गिट्टी | |
| ३. | लामा खोला | २र४ | ढुंगा/गिट्टी | |
| ४. | कालि खोला | ३ र ४ | ढुंगा/गिट्टी | |
| ५. | अप्राहा खोला | ८ | ढुंगा/गिट्टी | |
| ६. | द्वारखोला | ५,६,७,८ | ढुंगा/गिट्टी | |
| ७. | त्रियुगा खोला | ५,९ र १० | वालुवा | |
| ८ | सिवाई खोला | ५ र ९ | वालुवा | |
| ९. | ज्यामिरे खोला | ९ | वालुवा | |
| १०. | छिडी खोला | ९ | वालुवा | |
| ११. | भरौली खोला | ९ | ढुंगा/गिट्टी | |
| १२. | देवधार खोला | १० | ढुंगा/गिट्टी | |

| | | | | |
|---|---|---|---|---|
| १३. | घोम्पुनां खोला | १० | वालुवा | |
| १४. | खैराखोला | १० | ढुंगा/गिट्टी | |
| १५. | वडेरुवाखोला | ५ | ढुंगा/गिट्टी | |
| १६. | करम्जे खोला | ३२४ | गिट्टी | |
| १७. | सुख्खा सुन्दरी खोला | ३२४ | ढुंगा/गिट्टी | |
| १८. | लाटी खोला | २२७ | ढुंगा/गिट्टी | |
| १९. | घेरखोला | ५ | वालुवा | |
| २०. | मुसरनीया खोला | १० | वालुवा/गिट्टी | |

परामर्शदाता/नगर प्राविधिकद्वारा स्थलगत अनुगमन क्रममा पहिचान भई यकिन हुने अन्य सम्भावित क्षेत्रहरु थप गर्न सकिने छ।

२. आ.व.०८०/८१मा कृषि तर्फको प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत स्यालो ट्युबवेल तथा मोटर जडान योजनाको विद्युतीय बोलपत्र अह्वान प्रकृया अन्तर्गत मिति २०८१/०१/१४ गते यस नगरपालिकाको कार्यालय र बोलपत्रदाता श्री अटल सौभाग्य निर्माण सेवा, गाइघाट, उदयपुर बीच गरिएको सम्झौता बमोजिम निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्न नसकी मिति २०८१/०२/०९ मा म्याद थप तथा मिति २०८१/०२/०७ र २०८१/०३/०९ मा कार्य प्रगति बढाउन ताकेता गर्दा समेत कार्य प्रगतिमा सुधार हुन नसकेको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ (२) क बमोजिम सम्झौता अन्त्य गर्ने निर्णय गरियो।

३. आ.व. ०८०/८१ मा राष्ट्रिय योजना आयोगको सम्पुरक अनुदान अन्तर्गत सञ्चालन गरिएको बर्खेडाँडा, सामीचौक, मकामडाँडा हुँदै कुसुम चौरी सडक स्तरोन्नति योजनाको विद्युतीय बोलपत्र आह्वान प्रकृया अन्तर्गत मिति २०८०/१२/१५ गते यस नगरपालिकाको कार्यालय र बोलपत्रदाता श्री चौदण्डीगढी निर्माण कम्पनी प्रा.लि., चौ.न.पा.-४, बसाहा बिच गरिएको सम्झौता बमोजिम निर्माण कार्य सञ्चालन भई सडकको Base सम्मको कार्य सम्पन्न भई प्रथम किस्ताको रकम समेत भुक्तानी भई कालो पत्रे निर्माणको अवस्थामा स्थानीयहरुबाट उक्त निर्माण कार्यमा अवरोध गरी विभिन्न समयमा ध्यानाकर्षण गराइएको र नगरपालिकाबाट समन्वयको प्रयास गर्दा गर्दै कार्य प्रगति अगाडि बढाउन नसकिएको तथा पछिल्लो समयमा भएको बर्षातको कारणले कार्य प्रगतिमा थप समस्या आई समयमा काम सम्पन्न गर्न नसकेको र गर्न सक्ने अवस्था समेत नरहेको र सोही व्यहोरा दर्शाउँदै निर्माण कम्पनीबाट मिति २०८१/०३/१० गते सम्झौता रद्द गर्न पत्रसमेत प्राप्त भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) ख बमोजिम खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरियो।

४. निर्णय नं. २ बाट रद्द भएको सम्झौताबाट बाँकी रहेको अपुरो कार्यलाई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम थप कार्य गराउन लामो समय लाग्ने र गाडिएको स्यालो ट्यूवेलबाट पानी नआउन सक्ने सम्भावना प्राविधिक शाखाबाट प्राप्त भएको तथा स्थानीय किसानको लागत समेत भएकोले थप जटिलता उत्पन्न हुन सक्ने देखिएकोले जडान भएका २१ वटा स्यालो ट्यूवेलमा यथासक्य चाँडो पानी तान्ने मोटर पम्प जडान गर्नु अति आवश्यक देखिएको र सो कार्यको लागि छुट्टै बजेट व्यबस्था नगरिएकोले यस नगरपालिकाको **निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च** शिर्षक बाट भुक्तानी हुने गरी विभिन्न फर्म कम्पनीसँग दररेट माग गरी कम दररेट पेश गर्ने फर्म कम्पनीसँग सोझै मोटर खरिद गरी जडान गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. मिति २०८०।३।१३ गतेको राजपत्रमा प्रकाशित भई हाल क्रियाशिल रहेको चौदण्डीगढी नगरपालिका आधारभुत नगरअस्पताल संचालन तथा व्यबस्थापन कार्यविधि २०८० का केही प्रावधानहरुसंशोधन गर्न आवश्यक भएकोले सो कार्यविधिलाई तपशिल बमोजिम पहिलो संशोधन गर्न सर्वसम्मत निर्णय गरियो ।

तपशिलः

| क्र. सं. | साविकको व्यवस्था | संशोधन गर्नुपर्ने | कारण |
|---|---|---|---|
| १ | परिच्छेद २ बुँदा ३ को **समिति गठन** | -स्वास्थ्य शाखा प्रमुख- सदस्य<br>-स्वास्थ्य सम्वन्धी काम गर्ने संघ संस्थाका प्रतिनिधि एक जना –सदस्य<br>-अस्पताल प्रमुख – सदस्य सचिव | सहभागिताको क्षेत्र बढाउन (थप गरिएको) |
| २ | परिच्छेद ४ बुँदा ९ को **अस्पतालको कोष व्यवस्था** | बुँदा नं ९ मा झ थप गरी स्वास्थ्य विमाबाट प्राप्त रकम | उक्त बुँदा छुट भएकोले |
| ३ | परिच्छेद ४ बुँदा १० को **कोष तथा खाता संचालन** उप बुँदा २ नगरपालिकाको विविध खर्च खाता | समितिको खाता | नगरअस्पताल बाट खाता संचालन भएकोले |
| ४ | परिच्छेद ४ बुँदा १० को **कोष तथा खाता संचालन** उप बुँदा ४ नगरपालिकाको विविध खर्च खाता | समितिको खाता | नगरअस्पताल बाट खाता संचालन भएकोले |
| ५ | परिच्छेद ४ बुँदा ११ को **लेखा परिक्षण** को उप बुँदा ३ महालेखा परिक्षक वा निजले तोकेको लेखा परिक्षक | दर्तावाला स्वतन्त्र लेखा परिक्षक | प्रचलनमा रहेको लेखा परिक्षणको नियमानुसार |

CamScanner